"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

FN 30

शिक्षा, युवा तथा खेलकुद महाशाखा
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-
चलानी नं. :- ८९४

मिति २०७८।०५।०४

विषयः IEMIS अद्यावधिक गर्ने सम्बन्धमा ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा चालु शैक्षिक सत्र २०७८ आषाढ १ गतेदेखि प्रारम्भ भएको व्यहोरा विदितै छ । यस उपमहानगरपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरुले शैक्षिक सत्र २०७८ को एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) देहायअनुसार अद्यावधिक गरी अनिवार्य रुपमा मिति २०७८।०५।१५ भित्र अनलाईन अपलोड गर्नुहुन अनुरोध छ । निर्धारित समयभित्र पूर्ण रुपमा IEMIS नभरेमा विद्यालयहरुलाई यस उपमहानगरपालिकाबाट प्रवाह हुने सबै प्रकारका सेवा सुविधाबाट बञ्चित गरिने व्यहोरा समेत निर्देशानुसार जानकारी गराइन्छ ।

तपसिलः

क. विद्यालयले साविकको Excel फाइललाई Convertor मार्फत परिवर्तन गर्ने ।

ख. परिवर्तित फाइलमा सबै प्रकार र तहका विद्यालय (Montessori/ECD देखि कक्षा १२ सम्म सञ्चालन भएका साथै कक्षा ११ र १२ मात्र सञ्चालित समेत) हरुले आ-आफ्नो विद्यालयको Excel based को IEMIS अनिवार्य रुपमा अद्यावधिक गर्ने । हालसम्म IEMIS नलिएका विद्यालय तथा नयाँ विद्यालय भए यस महाशाखामा निवेदन पेस गर्ने ।

ग. विद्यालयको नाम, प्रधानाध्यापकको नाम थर, प्रधानाध्यापकको मोबाइल नम्बर, विद्यालय रहेको हालको स्थानीय तहको वडा नं, टोल, विद्यालयको इमेल ठेगाना (उपलब्ध नभएमा प्रधानाध्यापकको), स्थापना मिति, बालविकास केन्द्रको संख्या (विद्यालय हाताभित्र र मातृ विद्यालयका रुपमा सञ्चालित समेत) लगायत विद्यालयको प्रकार, सञ्चालित कक्षा र अनुमति/स्वीकृति मिति अद्यावधिक गर्ने र Upload गर्ने ।

घ. साविकको डाटावेसमा रहेको प्रधानाध्यापकको मोबाइल नम्बरसँग नमिलेमा IEMIS फाइल Web Portal मा अपलोड नहुने भएकाले प्रधानाध्यापकको वास्तविक नम्बर उल्लेख गर्ने ।

ङ. विद्यालयले अनिवार्य रुपमा विद्यार्थी विवरण, शिक्षक तथा कर्मचारी विवरण, भवन, कक्षाकोठा, शौचालय, पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला, खानेपानीको व्यवस्था लगायतका विवरण सही र पूर्ण रुपले भर्ने ।

रत्नबहादुर कटुवाल
उप-सचिव (प्रा)

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
शिक्षा, युवा तथा खेलकुद महाशाखा
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

FN 30

पत्र संख्या :-
चलानी नं. :- ८९६

च. सामुदायिक विद्यालयको हकमा शिक्षकको विवरण भर्दा वा अद्यावधिक गर्दा स्वीकृत दरबन्दी, राहत अनुदान, स्थायी/अस्थायी, स्थानीय तह/प्रदेशबाट अनुदान प्राप्त गर्ने, शिक्षण सहयोग अनुदान प्राप्त गर्ने र निजी स्रोत स्पष्ट रुपमा खुलाउने साथै दिएको Formate अनुसारको शिक्षकको व्यक्तिगत विवरण पूर्ण रुपमा भर्ने ।

छ. यस प्रणालीमा कोभिड-१९ का कारण भौतिक उपस्थितिमा शिक्षण सिकाइ प्रक्रिया सञ्चालन हुन नसकेको समयमा विद्यार्थीको सिकाइ अवस्थाको पहिचान र विपदका कारण भएको क्षति र सोको समाधानका लागि गर्नुपर्ने कार्यको आवश्यकता पहिचानका लागि तयार पारिएको उपप्रणालीमा भर्नुपर्ने विवरणहरु भरि अपलोड गर्ने ।

ज. Excel फाइलमा भएका सबै विवरण अद्यावधिक नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सुविधामा फरक पर्ने भएकाले सबै विवरणहरु सतर्कतापूर्वक भर्ने/ अद्यावधिक गर्ने । वास्तविक विवरण नभरेका / अद्यावधिक नगरेका कारण विद्यालय वा विद्यार्थी कुनै सुविधा प्राप्त गर्नबाट बञ्चित भएमा सम्बन्धित विद्यालय/प्रधानाध्यापक नै जिम्मेवार हुने भएकाले यस कार्यमा प्रधानाध्यापक स्वयंले विशेष ध्यान दिने ।

झ. गतवर्ष विवरण अद्यावधिक गर्न छुट भएका विद्यालयले शैक्षिक सत्र २०७६ देखि नै विवरण अद्यावधिक गर्ने ।

*पुनश्च: IEMIS मा गरिएका परिमार्जनहरुको कार्यान्वयनका लागि सहजीकरण गर्न निर्देशनात्मक भिडियो लगायतका सामग्री iemis.gov.np मा उपलब्ध छन् ।*

.......................
रत्नबहादुर कटुवाल
उप सचिव (अधिकृतस्तर दशौं)
रत्नबहादुर कटुवाल
उप-सचिव (प्रा)

**बोधार्थ:**

श्री नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका, सुनसरी : जानकारीका लागि ।

श्री नगर उप-प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका, सुनसरी : जानकारीका लागि ।

श्री सूचना शाखा, धरान उपमहानगरपालिका- पत्र **Website** मा राखिदिनु हुन ।

श्री प्याब्सन धरान- कार्यान्वयनका लागि ।

श्री एन. प्याब्सन धरान - कार्यान्वयनका लागि ।

कार्यकारी अधिकृत: ०२५-५२०२७९, आर्थिक प्रशासन: ५२५४९०, सूचना, राजस्व: ५२०१०९, कार्यालय: ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्स: ५२११९१ वरुणयन्त्र: १०१, ५२०११९
E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np